# स्थानीयराज- पत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ३ मितिः २०७६/११/०४

भाग-२

**आवासीय बालगृह सञ्चालन मापदण्ड,** २०७६

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल,

# आवासीय बालगृह सञ्चालन मापदण्ड, २०७६

**स्वीकृत मितिः२०७६/०८/०५**

**प्रस्तावनाः**

नेपालको संविधान अनुरुप स्थानीय तहमा बालसंरक्षणसँग सम्बन्धित विभिन्न जिम्मेवारी स्थानीय सरकारले निर्वाह गर्ने आधार तय गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आमा, बाबु वा संरक्षक बिहीन, वेवारिसे, असहाय, अनाथ, बालबालिकाहरुलाई सुरक्षित आश्रय, खानपिन, सुरक्षा, पालनपोषण तथा शिक्षा प्रदान गर्न र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण दिई सेवा प्रवाह गरिरहेका गैरसरकारी संघसस्थाहरु एवम् र सेवा प्रवाहका लागि गृह स्थापना तथा सञ्चालन गर्न इच्छुक गैससहरुलाई व्यवस्थित गर्न, बालगृहमा संरक्षित बालबालिकाको सर्बोत्तम हित अनुकूल बनाउने अभिप्रायले **'आवासीय बाल गृह सञ्चालन मापदण्ड, २०७६"** जारी गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "बालगृह सञ्चालन मापदण्ड, २०७६" रहने छ।

**२.** यो कार्यविधि भरतपुर महानगरपालिका नगर कार्यपालिकाको बैठकबाट निर्णय भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा ;

(क) **'अनाथ'** बालबालिका भन्नाले प्रचलित कानुन बमोजिम देहायका अनाथ बालबालिकालाई सम्झनु पर्छ ;

१) वेवारिसे अवस्थामा कुनै पनि व्यक्ति वा प्रहरीले फेला पारेको र निजको बाबु वा आमा फेला नपरेको ;

२) अस्पताल वा स्वास्थ्य संस्थामा बेबारिसे अवस्थामा छाडिएको ;

३) बाबु र आमा पत्ता नलागेका ;

४) बाबु र आमा दुबैको मृत्यु भई पालन पोषणको लागि कुनै सम्पत्ति नभएको।

(ख) **'ऐन'** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ग) **'कर्मचारी'** भन्नाले बालगृहको सञ्चालन, बालबालिकाको हेरचाह, रेखदेख, स्याहारसुसार तथा शारीरिक र मानसिक विकासको लागि विभिन्न क्रियाकलापमा संलग्न कर्मचारी सम्झनु पर्छ।

(घ) **'नियमावली'** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बन्ने नियमावली सम्झनु पर्छ।

(ङ) **'प्रशासक'** भन्नाले सम्बन्धित बालकल्याण गृह सञ्चालनको लागि नियुक्त भएको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

(च) **'बालबालिका'** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(छ) **'बालगृह'** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्नेछ साथै सो शव्दले पुर्नस्थापना गृहलाई समेत जनाउनेछ ।

(ज) **'बालबालिका विरुद्धको हिंसा'** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(झ) **'बाल यौन दुर्व्यवहार'** भन्नाले बालबालिका ऐन, २०७५ को दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ञ) **'सञ्चालक'** भन्नाले निजी क्षेत्र वा सामाजिक संघसंस्थाबाट सञ्चालन गर्ने मूख्य व्यक्ति वा सम्बन्धित बाल गृह सञ्चालन गर्ने सञ्चालक समिति सम्झनु पर्छ ।

(ट) **"मापदण्ड"** भन्नाले भरतपुर महानगरपालिकाले स्वीकृत गरेको आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७६ सम्झनु पर्छ ।

(ठ) **"स्थानीय तह"** भन्नाले भरतपुर महानगरपालिका, नगरकार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ड) **"व्यवस्थापन समिति"** भन्नाले बालगृह वा पुर्नस्थापना गृह सञ्चालन गर्न सम्बन्धित निकायले तोकेको सञ्चालक समितिलाई सम्झनु पर्छ र सो शब्दले संस्थाको सञ्चालक समेतलाई जनाउँछ ।

(ढ) "**अनुगमन तथा निर्देशन समिति**" भन्नाले महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका बालगृहहरुको नियमित अनुगमन, सुपरिबेक्षण तथा निर्देशन दिने गरि यस मापदण्डको परिच्छेद ३ को बुँदा नंम्बर १० अन्तर्गत गठन गरिएको समितिलाई जनाउछ ।

(ण) **"सामाजिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्नेछ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउने छ ।

(ट) **"निजी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य कम्पनी समेतलाई जनाउँछ ।

**(४) उद्धेश्य :**

(क) महानगर क्षेत्र भित्र सञ्चालनमा रहेका बालगृहहरु व्यवस्थित गर्ने ।

(ख) बालगृहमा संरक्षणमा रहेका बालबालिकाको उच्चतम् हित प्रदान गर्न सहयोग गर्ने ।

(ग) बैकल्पिक हेरचाह आवश्यक पर्ने बालबालिका मात्र बालगृहमा संरक्षित हुने र परिवारमा पुनर्स्थापन गर्न सक्ने बालबालिका पहिचान गर्न मद्धत पुऱ्याउने ।

## परिच्छेद- २

## बालगृहको सञ्चालन र व्यवस्थापन

### ४. बालगृहको सञ्चालन र व्यवस्थापन :

(क) असहाय बालबालिकाहरुलाई आश्रय दिने, खानपिन, लालनपालन तथा शिक्षा प्रदान गर्ने ।

(ख) बालगृहमा आश्रित बालबालिकाहरुलाई सुरक्षित आश्रयको साथै बालबालिकाको शारीरिक, मानसिक विकास र खेलकुद तथा मनोरञ्जनको सुबिधाहरु उपलब्ध गराउने ।

(ग) बालगृहमा आश्रित बालबालिकाको शिक्षा दिक्षाका लागि आवश्यकतानुसार गृहमा शिक्षकको व्यवस्थापन तथा विद्यालयमा अध्ययन गर्ने व्यवस्था मिलाउने ।

(घ) अनाथ, असहाय बालबालिकाको सर्बोत्तम हितको लागि आवश्यक गतिविधि तथा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ङ) बालगृहमा आश्रित बालबालिकाको अधिकारलाई सुनिश्चित गर्ने ।

(च) महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण बालगृहबाट सम्पादित कार्यमा एकरुपता कायम गर्ने ।

## ५. बालगृह सञ्चालन गर्न पूर्व स्वीकृति लिनु पर्ने

(१) महानगर क्षेत्रमा बालगृह स्थापना तथा सञ्चालन गर्न चाहेमा प्रचलित कानून, स्वीकृत मापदण्ड पुरा गरी महानगरको पूर्व स्वीकृति लिई सञ्चालन गर्नुपर्नेछ ।

(२) उप दफा नम्बर (१) बमोजिम सञ्चालन भएका बालगृहको नियमित अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने र स्वीकृति दिने जिम्मेवारी महानगरपालिकाको हुनेछ ।

(३) बालगृहहरुको नियमित अनुगमन, नियमन र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित वडा कार्यालय र महानगरपालिकामा निहित रहनेछ ।

(४) बैदेशिक स्रोतबाट सञ्चालन भएका गृहहरुले प्रचलित कानुन बमोजिम अनिवार्य पूर्व स्वीकृती लिएको हुनुपर्नेछ ।

(५) हाल बालगृह सञ्चालन भै रहेको वडाको वडा अध्यक्ष्यबाट अनिवार्य सिफारिस लिनुपर्ने, यदि ठामसारी गर्नुपर्ने भएमा सम्बन्धित वडाबाट पूर्व सहमति अनिवार्य लिनुपर्ने ।

(६) यो कार्यविधि लागू हुनुपूर्व सञ्चालनमा रहेका बालगृहले आफूले चाहेको स्थानमा रही सेवा सञ्चालन गर्न सम्बन्धित वडा र महानगरको अनिवार्य स्वीकृति लिनु पर्नेछ । बालगृह सञ्चालन अनुमति पत्रको ढाँचा अनुसूची १ मा उल्लेख गरिएको छ । साथै प्रत्येक वर्ष संस्था/गृहको नवीकरणका लागि आवश्यक सम्पूर्ण कागजात सहित सम्बन्धित वडाको सिफारिस साथ महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक महाशाखामा पेश गरी सिफारिस लिनुपर्नेछ ।

## ६. बालगृह स्थापना, सञ्चालन र व्यवस्थापनको न्यूनतम मापदण्ड

(क) बालगृहमा पर्याप्त सुरक्षा व्यवस्थासहित खाने, बस्ने, सुत्ने र अध्ययनको लागि आवश्यक कोठा तथा स्थानको व्यवस्था मिलाउनुपर्ने ।

(ख) बालगृहमा रहेका बालबालिकाको लागि आवश्यक पाठ्यपुस्तक, बालबालिकाको शैक्षिक सामग्रीको व्यवस्था गराउनुपर्ने ।

(ग) बालगृहमा बसोबास गर्ने बालबालिकामा कुनै प्रकारको शारीरिक र मानसिक समस्या नहुने गरी बालमैत्री वातावरणको व्यवस्था मिलाउने ।

(घ) बालगृहमा बसोबास गर्ने कुनै पनि बालबालिका विरुद्ध हिंसा, बाल यौन दुर्व्यवहार नहुने र भएमा सोको तत्काल कारवाही गर्ने व्यवस्था मिलाउने ।

(ङ) बालगृहमा संरक्षणमा रहेका अपाङ्गता भएका बालबालिकाको लागि विशेष व्यवस्था गर्ने, अपाङ्गमैत्री वातावरणको व्यवस्था मिलाउने तथा बालक र बालिकाको लागि बेग्ला बेग्लै बस्ने, सुत्ने र अध्ययन गर्ने कोठा, शौचालय एवम् स्नान कक्षको व्यवस्था गर्नुपर्ने ।

(च) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५३ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पुनर्स्थापना नभएसम्म वा त्यस्तो बालबालिका अठार वर्ष नपुगेसम्म बालगृहमा राख्नुपर्ने ।

(छ) बालगृहमा रहेका बालबालिकाको बाबुआमा वा अविभावक पत्ता लागेमा र बालबालिकाको उच्चतम हित हुने भएमा पारिवारीक पुनर्मिलन गराउनु पर्नेछ ।

(ज) बालगृहमा भान्सा कोठा, भोजन कोठा, बस्ने, सुत्ने र खेलकुद मैदान सफा र स्वस्थ हुने गरी आवश्यक व्यवस्था मिलाउने ।

(ट) बालबालिकाको आवश्यक सुरक्षाको लागि बालगृहको कम्पाउण्डवाल तथा भवनको पूर्णरुपमा सुरक्षाको व्यवस्था मिलाउने ।

**७. बालगृहको चल अचल सम्पत्तिको व्यवस्थापन र सञ्चालन :** बालगृह सञ्चालन भईरहेको गृहको भौतिक चल तथा अचल सम्पत्ति, जग्गा जमिन र अन्य सम्पत्ति प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## बजेट व्यवस्थापन, अभिलेखीकरण र अनुगमन सम्बन्धी व्यवस्था

**८. बजेट तथा खर्च सम्बन्धी व्यवस्था :**

(१). बालगृह सञ्चालकले गृह सञ्चालनका लागि निश्चित श्रोत तथा रकमको व्यवस्था गर्नुपर्नेछ । प्रत्येक बालगृह सञ्चालकले कम्तिमा दुई आर्थिक वर्ष सम्मको आय (आन्तरिक तथा बाह्य) श्रोतको सुनिश्चित भएको विस्तृत कार्ययोजना महानगरपालिकामा पेश गर्नुपर्ने छ ।

**९. प्रतिवेदन र अभिलेखीकरण गर्ने :**

(१) गृहमा संरक्षित सम्पूर्ण बालबालिकाको विवरण प्रत्येक बालगृहले अद्यावधिक गरी सुरक्षित राख्नुपर्नेछ ।

(२) सम्बन्धित बालगृह सञ्चालकले प्रत्येक चार-चार महिनामा महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास माहाशाखामा विवरण पेश गर्नुपर्नेछ ।

## १०. बालगृहको अनुगमन तथा निर्देशन समितिको व्यवस्था

**(१०.१) बालगृह अनुगमन तथा निर्देशन समितिको व्यवस्था देहाय बमोजिम गरिएको छ;**

(क) संयोजक - उपप्रमुख, भरतपुर महानगरपालिका

(ख) सदस्य- प्रमुख महिला विकास अधिकृत

(ग) सदस्य - सम्बन्धित बालगृह सञ्चालनमा रहेको वडाको वडा अध्यक्ष

(घ) सदस्य - भरतपुर महानगरपालिकाले तोकेको कार्यपालिका सदस्य एक जना

(ङ) सदस्य - अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय (संघसस्था हेर्ने), चितवन

(च) सदस्य - प्रमुख, महिला तथा बालबालिका सेवा केन्द्र जिल्ला प्रहरी कार्यालय, चितवन

(छ) सदस्य सचिव- बालबालिकाको क्षेत्र हेर्ने महिला विकास अधिकृत

(२) बाल गृह अनुगमन गर्दा प्रचलित कानून बमोजिम र तोकिएको मापदण्ड बमोजिम सञ्चालन नभएको भए र सुधार गर्नुपर्ने देखिएमा तत्काल बुँदागत रुपमा समितिले निर्देशन दिन सक्नेछ र

(३) यस्तो निर्देशन पालन गर्नु सम्बन्धित बाल गृह प्रशासक, सञ्चालकको कर्तव्य हुनेछ ।

(१०.२). **निर्देशन पालन गर्नु सम्बन्धित बाल गृह, प्रशासक, सञ्चालक र व्यवस्थापन समितिको कर्तव्य हुने**

(१) बालगृहको अनुगमनका क्रममा देखिएका तत्काल सुधारका पक्षहरुको पालना गर्नु सम्बन्धित गृह सञ्चालकको कर्तव्य हुनेछ ।

(२) अनुगमन तथा निर्देशन समितिले महानगर क्षेत्रमा सञ्चालित गृहको चौमासिक/अर्धवार्षिक/बार्षिकरुपमा अनुगमन गर्न सक्नेछ साथै आवश्यकतानुसार जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ । अनुगमन तालिका अनुसुची २ मा संलग्न राखिएको छ ।

(३) अनुगमन तथा निर्देशन समितिले स्थलगत अनुगमनका क्रममा देखिएका सकारात्मक तथा सुधारका पक्षका सम्बन्धमा लिखित/मौखिक जानकारी सम्बन्धित गृहलाई उपलव्ध गराउनेछ, । समितिबाट प्राप्त राय, सुझाव पालना गर्ने तथा सोको कार्यान्वयन गर्नु सम्बन्धित बालगृह/पुर्नस्थापना गृहका प्रशासक, सञ्चालक तथा व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(४) समितिले दिएको निर्देशन पालना गर्न पटक–पटक वेवास्ता तथा अटेर गर्ने, बालगृहमा संरक्षित बालबालिका उच्च जोखिममा पर्न सक्ने सम्भावना देखिएमा सम्बन्धित बालगृह बन्द गराउने र बालबालिकाको तत्काल उद्धार तथा पुर्नस्थापना गर्ने व्यवस्था महानगरले गर्नेछ ।

(१०.३) वार्षिक रुपमा सम्बन्धित गृहले सार्वजनिक सुनुवाई एवम् सामाजिक परीक्षण गर्नुपर्नेछ ।

(११) महानगर क्षेत्रमा थप गृह स्थापना तथा सञ्चालन गर्न आवश्यक ठानेमा निजी संस्था तथा सामाजिक संघसंस्थाको साझेदारितामा महानगरले गृह सञ्चालन गर्न सम्बन्धित संस्थासँग सम्झौता र स्वीकृति दिन सक्नेछ ।

(१२) **बजेट व्यवस्थापन**

**(क)** बालगृहमा रहेका वा रहन सक्ने संभावित बालबालिकाको सङ्ख्याको आधारमा तोकिएको मापदण्ड बमोजिम आवश्यक बजेट व्यवस्थापन गर्नु सम्बन्धित बालगृह स्थापना तथा सञ्चालन गर्ने संस्थाको जिम्मेवारी हुनेछ ।

(ख) महानगरपालिकाले आवश्यकतानुसार वार्षिक रुपमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि बजेट विनियोजन गरी व्यवस्थापन खर्च स्वरुप उपलब्ध गराउन पर्नेछ ।

(ग) गृहले बजेट रकम उपयोग गर्दा बालबालिकाको सर्बोत्तम हित हुने कार्यक्रममा सदुपयोग गर्नुपर्नेछ ।

(१३) प्रचलित कानून बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई बालगृहमा सिफारिस गरी पठाउँदा सिफारिस गर्ने अधिकारी वा निकायले बालबालिकाको पूर्ण विवरण गृहलाई उपलब्ध गराउनु पर्नेछ ।

(१४) उप दफा (१३) बमोजिम विशेष संरक्षणको आवश्यक भएका बालबालिकाको पूर्ण विवरण उपलब्ध हुन नसकेको अवस्थामा सोही व्यहोरा अनुरुप पूर्ण विवरण पत्ता लगाउन वा बालबालिकाको पहिचानको हकलाई सुनिश्चित गराउने कार्यमा सम्बन्धित प्रहरी कार्यालयले बालगृहलाई सहयोग गरी यथार्थ विवरण उपलब्ध गराउनु पर्नेछ ।

**(१५) बाल गृह सञ्चालकले पूरा गर्नु पर्ने अनिवार्य दायित्व तथा कार्यहरु**

गृह सञ्चालकले प्रचलित कानून र मापदण्ड बमोजिम तोकिएका कार्यहरुको अतिरिक्त देहायको मूख्य-मूख्य कार्यहरु गर्नु पर्नेछ;

(क) बालबालिका सम्बन्धी ऐनमा उल्लेख गरिएका अवस्थाका बालबालिकालाई आश्रय दिने, पौष्टिक आहार, खानपिन, पालन पोषण गर्ने, स्वास्थ्य उपचार गर्ने उचित शिक्षा दिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्नुपर्नेछ ।

(ख) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि नियमित खेलकुद तथा मनोरञ्जनको सुविधाहरु उपलब्ध गराउनु पर्नेछ ।

(ग) आश्रित बालबालिकाको औपचारिक शिक्षाको प्रवन्ध गर्नुका साथै आवश्यकतानुसार गृहमा पढाउने शिक्षकको व्यवस्था मिलाउनु पर्ने साथै विशेष प्रकृतिका र विद्यालय जान नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षा/सीप तथा व्यवसायिक विकास तालिमको अवसर दिनुपर्ने छ ।

(घ) आश्रित बालबालिकाको सर्वोत्तम हितको लागि विभिन्न सिर्जनात्मक तथा सांस्कृतिक कार्यक्रममा सहभागी हुने अवसर प्रदान गरी अतिरिक्त क्रियाकलापको व्यवस्थापन गर्नुपर्ने छ ।

(ङ) बालबालिका सम्बन्धी ऐनमा भएको प्रावधान बमोजिमका बालअधिकार प्रवर्धन हुने व्यवस्था मिलाउने ।

(च) गृहमा बालक्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गर्ने ।

(छ) गृहमा बालमैत्री वातावरण कायम गरी बाल संवेदनशीलताको अभिवृद्धि गर्ने ।

(ज) समय-समयमा गृहका पदाधिकारी, कर्मचारीहरुलाई बालअधिकार र बालसंरक्षण बारे तालिम तथा अभिमुखीकरणको व्यवस्था गर्ने ।

(झ) गृहमा संरक्षित बालबालिकाको वैयक्तिक विवरण फाराम अनिवार्य रुपमा भरी प्रशासक वा सञ्चालकबाट प्रमाणित गरी बालबालिकाको व्यक्तिगत फायल सुरक्षित राख्नुपर्ने ।

(ञ) बालबालिकाको शैक्षिक तथा स्वास्थ्य सम्बन्धी प्रगति विवरण अद्यावधिक गर्दै सुरक्षित राख्नुपर्ने ।

(ट) बालबालिकाको शारीरिक र मानसिक विकासका लागि उमेरअनुसार संरक्षण, स्याहारसुसार, सुरक्षा, उचित हेरचाह तथा बालमैत्री वातावरणमा हुर्कन पाउने व्यवस्था मिलाउनु पर्ने ।

(ठ) गृहमा आश्रित रहेका बालबालिकाको परिवार खोजी गरी पारिवारीक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि आवश्यक पहल गर्नुपर्ने ।

## परिच्छेद- ४

## विविधः

**(१६) विविधः**

(१६.१) बाल गृह सञ्चालन गर्न आवश्यकतानुसार सम्बन्धित गृह सञ्चालक तथा व्यवस्थापकसँग बालबालिका सम्बन्धी ऐन, २०७५ तथा प्रचलित कानून र मापदण्डको प्रतिकूल नहुने गरी सञ्चालन गर्न स्वीकृति तथा सम्झौता गर्न सक्नेछ ।

(१६.२) गृहले मुलुकभरको कुनै स्थानमा जन्म भई वैकल्पिक स्याहारका लागि बालगृहमा बस्नुपर्ने अवस्थाका बालबालिकालाई सम्बन्धित गृहले महानगर भन्दा बाहिरका बालबालिकालाई समेत संरक्षण गरी यस कार्यविधिमा माथि उल्लेखित भए बमोजिमका सेवा उपलव्ध गराउनु पर्नेछ ।

अनुसूची १

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर

संस्था दर्ता नं. ………………… अनुमति प्रमाण पत्र नं.………………

संस्था दर्ता भएको जिल्ला …………………

## बालगृह सञ्चालन अनुमति प्रमाण-पत्र

बागमती प्रदेश चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.……….. टोल ………………स्थित कार्यालय रहेको श्री………………………………………………………………………………..सस्थालाई प्रचलित कानुन तथा बालगृह सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७६, बमोजिम बालगृह सञ्चालन गरी बालबालिकाको पोषण, स्याहार, संरक्षण, विशेष हेरचाह र समग्र विकास गर्दै बालअधिकार संरक्षण तथा सम्बर्द्धन गर्ने प्रयोजनका लागि मिति ……………………….को स्थानीय बालअधिकार समितिको निर्णयानुसार यो बालगृह संञ्चालन अनुमति प्रमाण-पत्र प्रदान गरिएको छ।

बालगृहको नाम :

ठेगाना :

अनुमति प्रदान गर्नेको

दस्तखत :

नामः

पद :

मिति :

पुनश्चः यो बालगृह सञ्चालन अनुमति प्रमाण-पत्र हरेक आर्थिक वर्षमा नियमानुसार नवीकरण गर्नुपर्नेछ।

# नवीकरण

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची २

**भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर**

# बालगृह अनुगमन/निरीक्षण फाराम

(बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५२ को उपदफा (१) र (२) मा उल्लेखित व्यवस्थामा आधारित)

| | |
|---|---|
| १. संस्थाको नाम : | २. संस्थाको ठेगाना : |
| ३. सम्पर्क व्यक्ति : | ४. टेलिफोन नं. : |
| ५. ई-मेलः | ६. फ्याक्स नं. : |
| ७. सस्था प्रमुखको नाम : | ८. सम्पर्क फोन/मोबाइल नं. : |
| ९. कर्मचारी सङ्ख्या : | १०. जम्मा बालबालिका..... (बालक..../बालिका......) |
| ११. बालगृह दर्ता मितिः | १२. बालगृह सञ्चालन मितिः |

## बालगृह अनुगमनका सूचकहरु

### १. बालगृहको कानुनी हैसियत

| सिन. | बालगृहको स्थिति | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| क. | दर्ता | | | |
| ख. | समाज कल्याण परिषद्मा आबद्ध | | | |
| ग. | नियमित लेखा परीक्षण तथा नवीकरण | | | |
| घ. | संस्थाको साइनबोर्ड | | | |
| ङ | स्थानीय बाल अधिकार समितिमा सूचीकृरण | | | |
| च. | सबै बालबालिका विद्यालय भर्ना भएका | | | |
| छ. | सबै बालबालिकाको पूर्ण परिचय खुल्ने व्यक्तिगत विवरण सहितको फायल | | | |
| ज. | अपाङ्गता भएका वा विशेष आवश्यकता भएका बालबालिका मैत्री सेवा सुविधा | | | |
| झ. | दुर्घटना वा आपत्कालीन अवस्थाको लागि पूर्वतयारी र सुरक्षाको व्यवस्था | | | |
| ञ. | प्राथमिक उपचारको व्यवस्था | | | |
| ट. | उमेर, सङ्ख्या र अवस्थानुसार सुरक्षित, सहज र सुविधाजनक सुत्ने व्यवस्था | | | |
| ठ. | बालक र बालिकाका लागि अलग भवन/तला/खण्डको व्यवस्था | | | |
| ड. | बालक र बालिकाका लागि अलग्गै शौचालय र स्नानघरको व्यवस्था | | | |
| ढ. | व्यक्तिगत सरसफाईका लागि आवश्यक स्वच्छ पानीको व्यवस्था | | | |
| ण. | साप्ताहिक भोजन तालिका | | | |
| त. | बालबालिकलाई सफा, ताजा र सन्तुलित तथा पौष्टिक खानाको व्यवस्था | | | |
| थ. | सुरक्षित पिउने पानीको व्यवस्था | | | |

**२. बालगृहको स्थिति**

| सि.नं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| क. | बालगृहमा संरक्षित सबै बालबालिकाको जन्मदर्ता भएको | | | |
| ख. | बालबालिकालाई उमेर र क्षमतानुसार औपचारिक शिक्षाको व्यवस्था | | | |
| ग. | बालबालिकाको उमेर र शरीर सुहाउँदो विद्यालय युनिफर्मको व्यवस्था (२ जोर) | | | |
| घ. | बालबालिकालाई उमेर अनुसार बालअधिकार, जीवनउपयोगी शिक्षा, व्यवसायिक सीप तथा सामाजीकरण प्रक्रिया सम्बन्धी तालिमको व्यवस्था | | | |
| ङ. | बालबालिकाको शैक्षिक विवरण र प्रमाणपत्रहरु अध्यावधिक गरी राखिएको | | | |
| च. | नियमित स्वास्थ्य परीक्षणको व्यवस्था (कम्तिमा ३ महिनामा १ पटक) | | | |
| छ. | रोग प्रतिरोधक खोप/सुइहरु दिने व्यवस्था | | | |
| ज. | बालबालिकाको स्वास्थ्य सम्बन्धी छुट्टै फाइल तयार गरी राखिएको | | | |
| झ. | प्राथमिक उपचार कक्षको व्यवस्था | | | |
| ञ. | बालबालिकाको स्वास्थ्य बीमा | | | |
| ट. | बालबालिकाको खेलकूद, मनोरञ्जन, सिर्जनात्मक तथा सांस्कृतिक कार्यक्रम लगायतका क्रियाकलापमा संलग्नता | | | |
| ठ. | बालगृहमा मनोरञ्जन कक्ष र खेलकुद मैदान/सामाग्रीको व्यवस्था | | | |
| ड. | मनोसामाजिक सेवा/परामर्शको व्यवस्था | | | |
| ढ. | बालबालिकालाई परिवार तथा नातेदारसँग सम्पर्क र भेटघाट गर्ने सुविधा | | | |
| ण. | बालबालिकालाई धार्मिक तथा सांस्कृतिक स्वतन्त्रताको प्रत्याभूति | | | |
| त. | बालसंरक्षण कार्ययोजना बनाई कार्यान्वयन गरे नगरेको | | | |
| थ. | बालगृहमा मदिरा, चुरोट, सुर्ती र लागूपदार्थ निषेध | | | |
| द. | बालबालिकाको जोखिमपूर्ण कार्य/क्रियाकलाप/अभ्यासमा संलग्नता | | | |
| ध. | बालबालिकामाथि हिंसा, दुर्व्यवहार, शोषण तथा भेदभाव भएमा सो सम्बन्धी उजुरी, सुनुवाई र कारबाहीको संयन्त्रको व्यवस्था | | | |
| न. | बालबालिकाको सङ्ख्याको अनुपातमा कर्मचारीको व्यवस्था | | | |
| प. | संस्थाको विधानमा बालगृह सञ्चालन गर्ने सम्बन्धी | | | |
| फ. | बालगृह सञ्चालन गर्नु पूर्व स्थानीय तहको अनुमति | | | |
| ब. | बालगृहका कर्मचारीहरुलाई मापदण्ड लगायत बालअधिकार सम्बन्धी तालिमको व्यवस्था | | | |
| भ. | बालगृहमा विदेशी स्वयंसेवक/पाहुनाहरु बस्ने गरेको | | | |
| म. | बालगृह सञ्चालन निर्देशिका र कार्यविधि तर्जुमा तथा कार्यान्वयन | | | |
| य. | बालगृहले कसैबाट नगद वा जिन्सी सहयोग लिंदा सम्बन्धित निकायबाट अनुमति लिए नलिएको | | | |
| र. | बालबालिकाको बिदाई/पुनर्स्थापना व्यवस्था सम्बन्धी प्रकृयाको अवलम्बन | | | |
| ल. | बिदाई/पुनर्स्थापना गरिएका बालबालिकाको स्थिति अनुगमन/अभिलेख तथा आवश्यकता अनुसार अन्य सहयोग | | | |

**३. शिक्षा सम्बन्धीः** विद्यालयको नामः ................................ ठेगानाः....................

विद्यालय नजानेको सङ्ख्या र कारण :

**४. स्वास्थ्य सम्बन्धी**

- HIV/AIDS संक्रमित बालबालिकाहरु भए सङ्ख्याः बालकः .......... बालिकाः..............
- HIV/AIDS प्रभावित बालबालिकाहरु भए सङ्ख्या : बालकः ............ बालिकाः .................
- अन्य रोगले पिडित बालबालिकाहरुको सङ्ख्या : बालकः ........... बालिकाः..................

**५. भौतिक पूर्वाधार र कर्मचारी व्यवस्थापन सम्बन्धी विवरण (सङ्ख्या, आकार) :**

| क्र.सं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | भवनः | | |
| २ | सुत्ने कोठा | | |
| ३ | जम्मा खाट | | |
| ४ | पढ्ने कोठा | | |
| ५ | भान्छा/भोजन कक्ष | | |
| ६ | मनोरञ्जन कक्ष | | |
| ७ | स्टोर | | |
| ८ | परामर्श/प्राथमिक उपचार कक्ष | | |
| ९ | बाथरुम | | |
| १० | शौचालय | | |
| ११ | कार्यालय कक्ष | | |
| १२ | हेरचाहकर्ता महिला | | |
| १३ | शिक्षक/शिक्षिका | | |
| १४ | परिचारक/परिचारिका | | |
| १५ | व्यवस्थापक | | |
| १६ | मनोविमर्शकर्ता | | |
| १७ | स्वास्थ्यकर्मी | | |
| १८ | खेल/मनोरञ्जन सहयोगी | | |
| १९ | अन्य | | |

**६. व्यक्तिगत विवरणको अवस्थाः**

**७. बिदाइ वा पुनर्स्थापना गरेको भएः** सङ्ख्याः..... अभिलेख रहेकाहरुको सङ्ख्याः........बिदाई भएर गएको स्थानः..........

**८. द्वन्द्व पीडित/प्रभावित बालबालिका :** सङ्ख्याः ............ (बालकः ............. बालिकाः......................)

**९. बालगृहको आयश्रोतः** (नियमिति ................ कहिलेकाही ..............)

स्रोतको व्यवस्था.........................................................................................................

**१०. बालगृहमा संरक्षित बालबालिकाहरुसंग बेग्लै भेटेर छलफलसमेत गरी उनीहरूबाट प्राप्त भावना सम्बन्धि अवस्थाः**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

## ११. बालगृहको समग्र मूल्याङ्कनः

| सि.नं. | विवरण | उत्तम | राम्रो | सन्तोषजनक | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|---|
| १. | बालगृहको समग्र व्यवस्थापन | | | | |
| २. | समग्र बालबालिकाको अवस्था तथा उनीहरूप्रति गरिने व्यवहार र कर्मचारीहरुको दक्षता | | | | |
| ३. | आर्थिक श्रोत परिचालन तथा व्यवस्थापन | | | | |
| ४. | बालबालिकालाई उपलब्ध सेवा र सुविधा सम्बन्धी | | | | |
| ५. | बालगृहको सरसफाइ | | | | |
| ६ | कार्यकारिणी समितिको बैठक सम्बन्धी | | | | |

## १२. बालगृहका अपेक्षाहरुः

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

## १३. अनुगमनकर्ता (हरु) को राय/सिफारिस

.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................
.....................................................................................................................................

## १४. अनुगमनकर्ता (हरु) को नाम र दस्तखत :

क) नामः पदः दस्तखतः

ख) नामः पदः दस्तखतः

ग) नामः पदः दस्तखतः

घ) नामः पदः दस्तखतः

ङ) नामः पदः दस्तखतः

च) नामः पदः दस्तखतः

**१५. माथि उल्लेखित विवरणहरु मेरो/हाम्रो उपस्थितिमा तयार गरिएको र उल्लेखित व्योहोरामा मेरो/हाम्रो सहमति छ भनि सही गर्ने संस्थाको तर्फबाट सर्वेक्षण गर्दाको बखतमा उपस्थित प्रतिनिधिको :**

क) नाम : पद : हस्ताक्षर :

ख) नाम : पद : हस्ताक्षर :

अनुगमन मिति :